महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७
याङ्गवरक गाउँपालिका,
पाँचथर

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय

... २

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या :२०७६/७७
च.नं. ५८९

मिति: २०७७/३/२६

श्री अध्यक्षज्यू,
याङ्वरक गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
थर्पु, पाँचथर ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७६।७७

च. नं. ३८३

मितिः २०७७।३।१८

श्री अध्यक्षज्यू,
याङ्वरक गाउँपालिका,
थर्पु, पाँचथर ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियतसहितको राय

हामीले याङ्वरक गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. १ करोड ६७ लाख ८९ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४ लाख २२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३२ लाख ३५ हजार, नियमित गर्नुपर्ने रु. ९७ लाख ६० हजार र पेश्की बाँकी रु. ३३ लाख ७२ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।६।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएतापनि बेरुजु फछ्र्यौट नभई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना १५ (पन्ध्र) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले गाउँपालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनवमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

याङ्वरक गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय :– स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न याङ्वरक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धनगर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । १ नं. प्रदेशको पाँचथर जिल्लामा रहेको याङ्वरक गाउँपालिकाको क्षेत्रफल २०८.६३ वर्ग किलोमिटर, जनसंख्या १८,०८० र वडा संख्या ६ रहेको छ ।

स्थानीय सञ्चित कोष :– आर्थिक वर्ष २०७५।७६ को स्थानीय सञ्चित कोषको आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ:

सि.नं.	आय			सि.नं.	व्यय		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
1	**गत वर्षको जिम्मेवारी**		**17336202.39**	1	**चालु खर्च**		**207305651.0**
	क) मुल खाता	16918154.39			**क) वित्तिय समानीकरण (संघ,पदेश) र आन्तरिक श्रोत**		
	ख) कल्याण कोष	141773.00			गापा चालु	26045565.00	
	ग) धरौटी	276275.00			वडा चालु	2976819.00	
2	**राजश्व आन्तरिक आय**		**52251173.67**		पोषण	375798.00	
	क) आन्तरिक राजश्व				महिला	1428883.00	
	आन्तरिक आय	2009134.00			पशु	5833255.00	
	घर जग्गा रजिष्ट्रेशन दस्तुर	402243.00			कृषि	2937729.00	
	ख) राजश्वबाँडफाँड				शिक्षा	4226339.00	
	संघ	47599494.76			स्वास्थ्य	6067420.00	
	पदेश	2150651.91			विपद व्यवस्थापन	800000.00	
	ग) अन्य आय				मर्मत संभार कोष	500000.00	
	गत आ.व.को पे.फ.बाट	89650.00			एन.एल.आर.	349970.00	
					ख) सशर्त अनुदान		
3	**वित्तिय हस्तान्तरण**		**199913370.00**		सशर्त पशु	541055.00	
	वित्तीय समानीकरण अनुदान	75900000.00			सशर्त कृषि	4826356.00	
	सशर्त अनुदान	124013370.00			सशर्त शिक्षा	95050391.00	
	समपुरक अनुदान	0.00			सशर्त स्वासथ्य	17430201.00	
	विशेष कोष	0.00			सशर्त उर्जा	902520.00	
4	**पदेश सरकारबाट अनुदान**		**19309000.00**		सशर्त महिला	295076.00	
	वित्तीय समानीकरण अनुदान	3309000.00			**ग) विषयगत निकाय**		
	सशर्त अनुदान	13500000.00			ज्येष्ठ नागरिक दिर्घसेवा सम्मान	25001200.00	
	समपुरक अनुदान	0.00			पदेश तथा स्थानीय तह क्षमता वि.	305000.00	
	विशेष कोष अनुदान (निर्वाचन क्षेत्र)	2500000.00			बहुक्षेत्रिय पोषण कार्यक्रम	1322000.00	
					स्थानीय पुर्वाधार विकास साझेदारी	4000000.00	
5	**अन्तर स्थानीय तहबाट**	0.00	**0.00**		निर्वाचन क्षेत्र विकास पदेश	2500000.00	
6	**वित्तिय व्यवस्था प्राप्त**		**0.00**		प्रधानमन्त्री रोजगार कार्यक्रम	2554612.00	
	क) ऋण	0.00			**घ) अर्थ वजेट**		
	ख) साँवा	0.00			अर्थ वजेट सचित विदा	403144.00	
	क) व्याज	0.00			औषधि उपचार	632318.00	
	क) अन्य	0.00		2	**पुँजीगत खर्च**		**111350614.0**
7	**विभिन्न कोष तर्फको आय**		**2791500.00**		**क) वित्तिय समानीकरण (संघ,पदेश) र आन्तरिक श्रोत**		
	आकस्मिक कोष	275000.00			गापा पुजीगत	2331698.00	
	मर्मत संभार कोष	1316500.00			गापा विकास	58655875.00	
	विपद व्यवस्थापन	800000.00			वडा पुजीगत	36000000.00	
	कल्याण कोष	400000.00			ख) सडक बोर्ड	150000.00	
8	**जनसहभागीता रकम**	306250.00	**306250.00**		ग) झो.पु.तथा स्थानीय स्तरका सडक	764600.00	
9	**विषयगत निकायबाट प्राप्त रकम**		**34369212.00**		घ) सशत पदेश	13448441.00	
	बहुक्षेत्रिय पोषण कार्यक्रम	1322000.00		3	**कोष खर्च**		**1590264.00**
	प्रदेश तथा स्थानीय तह क्षमता वि.	305000.00			आकस्मिक कोष	141000.00	
	ज्येष्ठ नागरिक दिर्घसेवा सम्मान	2542300000			मर्मत संभार कोष	1149488.00	
	झो.पु.तथा स्थानीय स्तरका सडक	764600.00			विपद व्यवस्थापन	299776.00	
	प्रधानमन्त्री रोजगार कार्यक्रम	2554612.00			कल्याण कोष	0.00	
	स्थानीय पुर्वाधार विकास साझेदारी	4000000.00		4	**धरौटी फिर्ता खर्च**	156876.00	**156876.00**
10	**धरौटी**	429991.00	**429991.00**	5	**संघीय र पदेश संचित कोष फिर्ता खर्च**		**5441130.00**
11	**लगानीको साँवा फिर्ता**	0.00	**0.00**		सशर्त अनुदान	4967771.00	
12	**अन्य विविध आय**		**150000.00**		ज्येष्ठ नागरिक दिर्घसेवा सम्मान	421800.00	
	सडक बोर्ड	150000.00			पदेश सशर्त	51559.00	
	झोलुङ्गे पुल	0.00		6	**अन्तिम मौज्दात**		**2047626.06**
13	**अर्थ वजेट**		**1035462.00**		क) स्थानीय संचित कोष खाता	155227.06	
	सचित विदा	403144.00			ख) धरौटी खाता	549390.00	
	औषधि उपचार	632318.00			ग) कोष खाता		
					आकस्मिक कोष	134000.00	
					मर्मत संभार कोष	167012.00	
					विपद व्यवस्थापन	500224.00	
					कल्याण कोष	541773.00	
	जम्मा	**327892161.06**	**327892161.06**		**जम्मा**	**327892161.06**	**327892161.06**

बेरुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
१.	**आर्थिक विवरण :–** गाउँपालिकाले दोहोरो श्रेस्ता प्रणालीको प्रोदभावी (एक्रुअल) सिद्धान्तमा आधारित लेखा राख्नुपर्ने व्यवस्था छ । सोअनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन् भने शीर्षकगत खर्चको स्थितिसमेत मुल्यांकन गर्न सकिने अवस्था रहेको छैन ।	

२. **आन्तरिक नियन्त्रण कार्यविधि :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (१) मा स्थानीय तहले निकायवाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम कार्य सम्पादन गर्न आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । उपदफा २ मा कामको प्रकृतिअनुरुप नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान तथा जोखिम नियन्त्रणका उपायहरुसहितको आन्तरिक नियन्त्रण कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । सो अनुसारको आन्तरिक नियन्त्रण कार्यविधि तयार गरेको देखिएन । नियमानुसारको कार्यविधि तयार गरी लागू गर्नुपर्दछ ।

३. **कार्यक्रमगत खर्च खाता :–** स्वीकृत वार्षिक कार्यक्रमअनुसार सञ्चालित विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि के कति वजेटको व्यवस्था भई कुन कुन समयमा सञ्चालन गरिनु पर्ने हो र त्यस्ता कार्यक्रमहरु सञ्चालन भएको अभिलेख देखिने गरी कार्यक्रमगत खर्च खाता राख्नुपर्नेमा सो राखेको देखिएन । कार्यक्रमगत खर्च खाता राखेमा विभिन्न कार्यक्रमहरुको वार्षिक बजेट, सञ्चालन हुने समय, सोको खर्च सजिलै यकिन हुने र कार्यक्रम बजेटको अवधारणाअनुसार स्वीकृत बजेटभन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारिता र उपलब्धि मापनसमेत सजिलै यकिन हुने हुँदा उक्त अभिलेख राख्नुपर्ने देखिएको छ ।

४. **बजेट पेश गर्ने तथा पारित गर्ने :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमानसाथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयको नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट २०७५।३।११ गते पारित भएको छ ।

५. **खर्च गर्ने अख्तियारी र कार्यविधि :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानूनबमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । सभाबाट बजेट मिति २०७५।३।११ मा स्वीकृत भएकोमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी मिति २०७५।४।१ मा प्रदान गरेको देखिन्छ ।

६. **बजेट अवण्डा राखेको** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायको सभाबाट आयोजनागतरुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । सभाबाट २०७५।७६ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी ३ कार्यक्रम तथा शीर्षकहरुमा एकमुष्ठरुपमा रु. ७ करोड ९० लाख बजेट व्यवस्था गरेको छ । सभाबाट योजनागत बजेट तयार नगरी पछि बजेट बाँडफाँड गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने हुँदा सभाबाट नियममा तोकिएवमोजिम आयोजनागत बजेट बाँडफाँड गरिनुपर्दछ ।

सि. नं.	कार्यक्रम वा आयोजना	अवण्डा रकम	कैफियत
१.	वडा नं. १ देखि ६ सम्मका वडाहरुलाई रु. ६५ लाखका दरले विनियोजन गरेकोमा योजना छनौट गरेको देखिएन ।	३,९०,००,०००/-	पछि ६ वटै वडा कार्यालयहरुले पटके निर्णय गरी योजना छनौट गरी खर्च गरेको पाईयो ।
२.	वडा नं. १ देखि ६ सम्मका वडाहरुको गौरवका योजनालाई रु. २ करोड विनियोजन गरेकोमा योजना छनौट गरेको देखिएन ।	२,००,००,०००/-	कार्यपालिकाले विभिन्न मितिमा पटके निर्णय गरी विभिन्न योजना छनौट गरी खर्च गरेको छ ।
३.	पुर्वाधार विकास योजना कार्यक्रम	२,००,००,०००/-	कार्यपालिकाले विभिन्न मितिमा पटके निर्णय गरी विभिन्न योजना छनौट गरी खर्च गरेको छ ।
	जम्मा	७,९०,००,०००/-	

७. **योजना खण्डिकरण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (७) बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षकबाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । त्यस्तै स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायको सभाबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नहुने व्यवस्था छ । कार्यालयले गाउँसभाबाट २०७५।७६ को लागि स्वीकृत बजेट तथा कार्यक्रमभन्दा फरक योजनामा कार्यपालिकाको बैठकबाट निर्णय गरी बजेट बाँडफाँड गरी खर्च गरेको पाईयो । गाउँसभाबाट योजनागत बजेट बाँडफाँड गरेकोभन्दा फरक योजनामा कार्यपालिकाको पटके निर्णय गरी खर्च गरेको नियमसंगत देखिएन । योजनाको प्राथमिकीकरण तथा योजना छनौटका ७ चरणलाई अनुशरण नगर्दा माग भई आएका योजनामा लगानी अपुग हुने अवस्था सिर्जना हुन्छ । अतः कार्यपालिकाको पटके निर्णयका आधारमा योजना बाँडफाँड गर्ने प्रवृत्तिको अन्त्य गरिनुपर्दछ । पटके

निर्णयका आधारमा फरक योजनामा खर्च गरेका केही उदाहरणहरु निम्न अनुसार छन् ।

सि. नं.	साविक योजना	संशोधित योजना	रकम
१.	पूर्वाधार विकास योजना कार्यक्रम	सामुदायिक भवन निर्माणमा थप वार्ड नं. ५	६,००,०००/-
		खोलाघारी मोटरबाटो निर्माण	११,००,०००/-
		चिवा भञ्ज्याङ्ग होम स्टे भवन निर्माण	१०,००,०००/-
		ओयाम वर्थिङ्ग सेन्टर भवन निर्माण	८,००,०००/-
		पूर्वाधार विकास (कार्यपालिकाको बैठकबाट बाँडफाँड हुने गरी)	४५,००,०००/-
२.	पुँजीगत विकास निशर्त अनुदान	गाउँपालिकाको भवन निर्माणको लागी माटो परीक्षण	४,००,०००/-
		गाउँपालिकाको भवन निर्माणको लागी घडेरी सम्याउने कार्य	११,००,०००/-
		वार्ड नं. ४ मा सभाहल निर्माण	१५,००,०००/-
		गाउँपालिकाको भवन निर्माण (समपुरक कोष)	६०,००,०००/-

८. **यातायात गुरुयोजना :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २८(५) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थानीय निकायलगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवम् अद्यावधिक विवरण (रोड ईन्भेन्ट्री) तयार गरी राख्नुपर्ने र सडक निर्माण गर्दा यातायात गुरुयोजनालाई आधार मानी आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ। यातायात गुरुयोजना तयार गरेको नगरेको र गुरुयोजना बिना नै यो वर्ष सञ्चालन गरेका योजनाहरुमध्ये ९५ प्रतिशत योजनाहरु सडक निर्माण तथा योजना सञ्चालन गरेको छ। यातायात गुरुयोजना तयार गरी गुरुयोजनामा परेका सडकलाई प्राथमिकता दिई सडक योजना निर्माण तथा सञ्चालन गर्न ध्यान दिनुपर्दछ।

९. **खरिद गुरुयोजना :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ उपनियम (१) मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक रु. दश करोडभन्दा बढी रकमको खरिद गर्दा सोही नियमको उपनियम (२) मा उल्लेखित कुरा खुलाई खरिद गुरुयोजना तयार गरी सम्बन्धित मन्त्रालयको सचिवबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। सञ्चालित अधिकांश योजनाहरुको निर्माण अवधि एक वर्षभन्दा बढी रहेकोमा नियमावलीको उपर्युक्त प्रावधानअनुसार खरिद गुरुयोजना तयार गरी स्वीकृत भएको देखिएन। बहुवर्षीय ठेक्काहरुको व्यवस्थापन गर्दा खरिद गुरुयोजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ।

१०. **वार्षिक खरिद योजना :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक रु. दश लाखभन्दा बढी रकमको खरिद, निर्माण तथा परामर्श सेवा प्राप्त गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गरिने वार्षिक खरिद योजना तयार गर्नुपर्ने र त्यसरी खरिद योजना तयार गर्दा नियम ७ बमोजिमको खरिद गुरुयोजनासमेत तयार भएको भएमा सो योजनाको आधार लिनुपर्ने र सार्वजनिक निकायको प्रमुखले चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप यो नियमबमोजिम तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नुपर्ने र नियम ८(६) अनुसार तालुक कार्यालयले खरिद कारबाही निर्धारित समयमा सम्पन्न भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा नियममा उल्लेख भएअनुसार कार्यालयले यो वर्ष पुँजीगत खर्च रु. ११,१३,५०,६१४।०० गरेको र उक्त कार्यको तालुक कार्यालयबाट अनुगमन गरेको पनि देखिएन। उपरोक्त व्यवस्था पालना नगर्नाले खरिद कार्यमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र पारदर्शीताको पक्ष सबल हुन नसक्ने देखिन्छ।

११. **योजना छनौट :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ११(२) मा आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकासअन्तर्गत विनियोजन भएको रकमबाट गाउँपालिकाले दुई लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था गरेको छ। कार्यविधिको पालना गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्दछ। कार्यविधिको पालना नगरी योजना छनौट तथा कार्यान्वयन गरेका केही उदाहरणहरु निम्न अनुसार छन्।

सि. नं.	योजनाको नाम	विनियोजित रकम
१.	कुटमिरे एकतीन खेल मैदान निर्माण	५०,०००/-
२.	गणेशचोक प्रहरी चौकी व्यवस्थापन	१,००,०००/-
३.	दुग्ध सहकारी थर्पुको घडेरी निर्माण	५०,०००/-
४.	लगनशिल युवा क्लव सामाग्री खरिद	१,००,०००/-
५.	कृषि संकलन केन्द्र चर्पी निर्माण वडा नं. ४	५०,०००/-
६.	थर्पु मा. वि. सिँडी निर्माण	१,००,०००/-
७.	माङ्गेनालुङ्ग क्लव भवन निर्माण	१,००,०००/-
८.	हिमशिखर क्लव भवन निर्माण	१,००,०००/-

१२. **चालु प्रकृतिको खर्च :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को

दफा १३ मा पुँजीगत रकमबाट चालु प्रकृतिका तलब, भत्ता, सवारी साधन मर्मत सम्भार र ईन्धन र चन्दा पुरस्कार दिन नपाइने व्यवस्था छ । पुँजी निर्माण हुने र विकास निर्माणको कार्यमामात्र खर्च गर्नुपर्नेमा सभाले नियम विपरीत चालु प्रकृतिका कार्यमा विनियोजन गरी खर्च लेखेकोले नियमसम्मत देखिएन । तसर्थ तोकिएबमोजिम पुँजी निर्माण हुने र विकास निर्माणको कार्यमा पुँजीगत खर्च गर्नुपर्दछ ।

सि. नं.	कार्यक्रमको नाम	रकम
१.	कर्मचारी र कार्यपालिकाको सदस्यका लागी बिमा र अन्य भैपरी कार्य	५,००,०००/-
२.	ओयाम विद्युत सहकारी कार्यालय व्यवस्थापन	१,००,०००/-
३.	सहकारी विकास कार्यक्रम	१०,००,०००/-
४.	विद्यालयका निजी शिक्षक व्यवस्थापन	४,००,०००/-
५.	वडा स्तरीय खेलकुद विकास कार्यक्रम	१,००,०००/-
६.	योजना व्यवस्थापन	४०,०००/-
७.	खेलकुद कार्यक्रम	२,००,०००/-

१३. **ऐन नियम परिपालना तथा आन्तरिक नियन्त्रण पद्धति :–** सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा निकासा तथा खर्च गर्ने लेखा राख्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, लेखापरीक्षण बेरुजु फछ्र्यौट तथा असुल तहसिल गर्ने गराउने आदि आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन आर्थिक कार्यविधि ऐन, नियमको पूर्णरुपमा परिपालना हुनुपर्दछ । त्यस्तै आफ्नो उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिम न्यूनीकरणका लागि योजना तयार गर्नुपर्दछ । ऐन नियमको परिपालना नगरेको तथा आन्तरिक नियन्त्रण प्रणाली सवल नबनाएका व्यहोराहरु देहाय अनुसार छन् :–

१३.१ **जोखिम पहिचान :–** सम्भावित जोखिमहरु पहिचान गरी जोखिम निराकरणका लागि प्रयत्न गरेको अभिलेखबाट देखिएन । जोखिम पहिचान गरी निराकरणका उपायहरु अवलम्बन गर्नुपर्दछ ।

१३.२ **नागरिक वडापत्र :–** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्र कार्यालय परिसरभित्र सबैले देख्ने ठाँउमा राख्नुपर्नेमा सो अनुसार राखेको देखिएन । साथै सूचना अधिकारी तोक्नु पर्ने, कार्यालय गतिविधि वेभसाइटमा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्थाहरु पूर्ण रुपमा पालना भएको देखिएन ।

१३.३ **न्यूनतम दररेट निर्धारण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै तोकी सक्नुपर्ने प्रावधान छ । आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवालाई सहज बनाउन न्यूनतम दररेट निर्धारण गरेको छैन भने जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको पनि पालना गरेको देखिएन । उपरोक्त प्रावधानको पूर्ण पालना गर्नुपर्दछ ।

१३.४ **वार्षिक प्रतिवेदन :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) बमोजिम प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवारको म. ले. प. फा. नं. २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा सोअनुसार प्रतिवेदन तयार गरेको पाइएन ।

१३.५ **ई. टि. डि. एस. :–** आयकर ऐन, २०५८ अनुसार कट्टा गरिएको कर रकम आन्तरिक राजस्व कार्यालयको ई. टि. डि. एस. सिष्टममा पोष्टिङ्ग गर्नुपर्नेमा सोअनुसार गर्ने गरेको देखिएन । तसर्थ कट्टा गरिएको कर रकम आन्तरिक राजस्व कार्यालयको ई. टि. डि. एस. सिष्टममा पोष्टिङ्ग गर्न ध्यान दिनुपर्दछ ।

१३.६ **कार्य विवरण :–** निजामती सेवा ऐन २०४९ को दफा ५क को उपदफा (१) मा व्यवस्था भएअनुसारको कार्यविवरण दिएको पाइएन । स्पष्ट कार्यविवरणको अभावमा कर्मचारीको काम कर्तव्य र उत्तरदायित्व स्पष्ट नभइ सम्पादन गर्ने काममा कठिनाइ हुने हुँदा ऐनमा व्यवस्था भए अनुसार कार्यविवरण बनाई लागु गर्नु पर्दछ ।

१३.७ **स्थानीय भत्ता :–** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रवधान छ । कर्मचारीहरुलाई दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन । कार्यालयबाटै छानविन गरी दैनिक भत्ता उभयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ ।

१३.८ **भ्रमण अभिलेख तथा प्रतिवेदन :–** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणपश्चात प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सोसम्बन्धी

अभिलेख तथा प्रतिवेदनबेगरै खर्च लेख्ने गरेको देखिएकोले नियमको पालना गरी दैनिक भ्रमण भत्तामा खर्च गर्नुपर्ने देखिन्छ ।

१३.९ **कार्यालयको निरीक्षण** :– सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४० (१) मा तालुक कार्यालयले आफु मातहत रहेको कार्यालयहरुको अनुगमन तथा निरीक्षण गरेको/गराएको देखिएन । सेवा प्रवाहमा प्रभावकारिता ल्याउन समय समयमा अनुगमन तथा निरीक्षण हुनुपर्दछ ।

१३.१० **ढिला दाखिला** :– कर्मचारीको तलब भत्ता भुक्तानी दिँदा कट्टा गरिएको कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, बिमा, सामाजिक सुरक्षा कर जुन महिना कट्टा गरिएको हो सोही महिनाभित्र नै दाखिला गर्नुपर्नेमा ८ महिनापछि दाखिला भएको देखिएकोले समयमा नै दाखिला गर्ने व्यवस्था गर्नुपर्दछ ।

१४. **श्रोत अनुमान तथा बजेट सीमा** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेको छ । समिति गठन भएतापनि ऐनले तोकेअनुसारको कार्य पूर्णरुपले गरेको देखिएन ।

१५. **बजेट तथा कार्यक्रम तर्जुमा** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । योजना प्राथमिकीकरण तथा कार्यक्रम तर्जुमा गर्दा अन्य विषयगत कार्यालयहरुसँग आपसी तादम्यता गरेको देखिएन ।

१६. **स्थानीय तथ्यांक र अभिलेख** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले स्थानीय तथ्यांकसम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि बढाउन आवश्यक छ। तथ्यांकबेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसको अभिलेख व्यवस्थापन गर्न जरुरी देखिन्छ ।

१७. **लक्ष्य प्रगतिको स्थिति** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रीय प्रशासकीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची - २ को ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । सञ्चालन गरेका सबै योजनाहरुको नियमले तोकेअनुसारको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

१८. **राजस्व कारोबारको लेखा** :– प्रत्येक कार्यालयले राजस्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले राजस्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजस्व असूलीको भौचर उठाएको देखिएन । प्रचलित व्यवस्थाअनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलिपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिकरुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकमनियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

१९. **रसीद नियन्त्रण खाता** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टा गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ । राजस्व असुलीमा प्रयोग हुने रसिदको छपाइ, गत वर्षको मौज्दात र खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरुमा पठाएको विवरण खुल्ने रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो खाता अद्यावधिक गरेको देखिएन । राजस्व असुलीमा प्रयोग हुने रसीद उपयुक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । तसर्थ कार्यालयले रसिदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ ।

२०. **वित्तीय जवाफदेहिता पालना** :– अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च,

लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबारसम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्दछ । गाउँपालिकाले उपरोक्तअनुसारको वित्तीय जवाफदेहिता पालना गरी निकासा दिने र आम्दानी खर्च गर्नुपर्दछ ।

२१. **बक्यौता रकम असुली** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्रअन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुली गर्ने व्यवस्था छ । उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । सम्पत्ति बिक्री, मालपोत, आय ठेक्का, कर दस्तुरको वडागत लागत तयार नगरेबाट बक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाब तयार गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ ।

२२. **राजस्व अभिलेख :–** राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णयदेखि असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको देखिएन । यसबाट गाउँपालिकाको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । राजस्वको अभिलेख अद्यावधिक गरी आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।

२३. **सम्पत्ति हस्तान्तरण :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविक गाउँ विकास समिति र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले साविक गाउँ विकास समिति र विषयगत कार्यालयको चल अचल सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुनसक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृतिअनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

२४. **बरबुझारथ :–** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेस्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

२५. **श्रोत नक्सांकन :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोतअन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधारअन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्सांकन गाउँपालिकले तयार गर्नुपर्नेमा सो तयार गरेको देखिएन । गाउँपालिकाले ऐनले तोकेअनुसारको श्रोत नक्सा तयार गर्नुपर्दछ ।

२६. **उपभोक्ता समिति** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर जस्ता मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानुनले तोकेका कार्य गरेको देखिएन ।

२७. **कल्याण कोष** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानुनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचारलगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्थाअनुरुप स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाअन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोषमा गत वर्षको मौज्दात रु. १,४१,७७३।०० र यो वर्षको निकासा रु. ४,००,०००।०० गरी रु. ५,४१,७७३।०० मौज्दात रहेको छ । ऐनमा भएको व्यवस्थाको पालना गरिनुपर्दछ ।

२८. **लक्षित समूह खर्च** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १२ (७) अनुसार मागको आधारमा लक्षित समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउँपालिकाले गोष्ठि सभा सम्मेलनजस्ता कार्यक्रममासमेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनुपर्दछ ।

२९. **आन्तरिक आय** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। यो वर्ष आन्तरिक आय रु. २०,०९,१३४।- भएकोमा देखिएका व्यहोरा निम्नअनुसार छन् :

२९.१ **कर रकम असुली** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्रअर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र बक्यौता रकमसमेत असुली गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले असुल गर्नुपर्ने करहरुको लगत राखी असुल गर्नुपर्दछ। मालपोत, शुल्क तथा दस्तुरबाट असुल हुनुपर्ने रकमको लगत नराखेकोले असुल गर्न बाँकी करहरु यकिन गर्न सकिएन । तसर्थ असुल गर्नुपर्ने करहरुको लगत राखी असुल गर्नुपर्दछ ।

२९.२ **नगदी रसिद** :– कार्यालय प्रमुखले आफ्नो कार्यालयमा छपाई गरी ल्याएको नगदी रसिदहरूको ठेली आम्दानी बाँधी खर्च गर्नुपर्दछ । रसिद नियन्त्रण खाताबाट १४२ ठेली खर्च भएकोमा १२२ ठेली प्रयोग गरेको प्रमाण पेश गरेतापनि बाँकी रहेको २० ठेली कसको जिम्मामा रहेको हो सोको विवरण र रसिद लेखापरीणका लागि पेश भएन । पेश नभएको रसिद कार्यालयले छानविन गरी हिसाब यकिन गर्नुपर्ने देखिन्छ । अतः रसिदको अभिलेख व्यवस्थित गरी राख्नेतर्फ कार्यालय संवेदनशील हुनुपर्दछ ।

२९.३ **श्रेस्ता नराखेको** :– कार्यालय र सो अन्तर्गतका ६ वडाबाट असुली भएको मालपोत, पञ्जिकरण शुल्क, सिफारिस दस्तुर, घरधुरी कर, खानेपानी महशुल, व्यवसाय कर, सम्पत्ति कर, बहाल कर आदि आम्दानीमा प्रयोग भएका रसिदको प्रयोग, अर्धकट्टी एवं फिर्ता आम्दानी रसिदलगायत म.ले.प.फा.नं. १०८ र १०९ पेश नभएकोले एकीकृत आय-व्ययमा देखाएको रु. २०,०९,१३४।- आम्दानी रकम सही एवं यथार्थपरक रहे नरहेको यकिन गर्न सकिएन । आम्दानीको श्रेस्ता अद्यावधिक गराई राख्नुपर्ने देखिन्छ ।

२९.४ **सञ्चित कोष** :– स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिकाको स्थानीय सञ्चित कोष खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा खर्च खातामा रहेको सबै बाँकी रकम र अन्य विभिन्न आय रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । साविकका गाउँ विकास समिति र आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको आन्तरिक आयको रकम सञ्चित कोषमा दाखिला गरिनु पर्दछ ।

३०. **व्यवसाय कर** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्य क्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखेको र दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायीको अभिलेख राखी करको दायरामा ल्याउनु पर्दछ ।

३१. **सवारी कर** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सवारीमा तोकिएबमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र सबै प्रकारको सवारीमा सवारी कर उठाउने उल्लेख छ । गाउँपालिकाले सवारीहरुको दर्ता एवं नवीकरणबाट यो वर्ष कुनैपनि रकम असुल भएको देखिएन । सवारी साधनको अभिलेख राखी कर असुलीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३२. **तलबी प्रतिवेदन** :– निजामती सेवा ऐन, २०४९ को दफा ७ अनुसार कार्यरत स्वास्थ्य सेवा र अन्य स्थायी कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रकको कार्यालय र स्थानीय कर्मचारीहरुको हकमा आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा उपरोक्त कर्मचारीको तलब खर्च लेखेकोमा तलबी प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

३३. **विद्युतीय लेखा** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्करुपमा उपलब्ध गराई सबै गाउँपालिकाहरुले Sub National Treasury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उक्त सफ्टवेयर प्रयोग गरी लेखा राखेको देखिएन ।

३४. **सार्वजनिक परीक्षण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय

तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित विभिन्न योजनाको सार्वजनिक परीक्षण र सुनवाईको व्यवस्था अवलम्वन गरी सम्पन्न योजना उपभोक्तालाई हस्तान्तरण हुनुपर्दछ ।

३५. **योजना र कार्यान्वयन :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन ।

३६. **गुणस्तर परीक्षण :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले मोटरसाईकल, ल्यापटप, डेस्कटप कम्प्यूटर, ई हाजिरी मेशीनलगायतका सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।

३७. **न्याय सम्पादन** :– प्राप्त विवरणअनुसार मुद्दा दर्ता, फछ्र्यौट, बाँकी रहेको विवरण निम्नअनुसार रहेको पाईयो ।

सि. नं.	उजुरीको विवरण	जम्मा दर्ता उजुरी	टुङ्गो लागेका उजुरी	माथिल्लो निकायमा पठाएको	वाँकी उजुरी
१	जग्गा विवाद	५	३	१	१
२	लेनदेन कारोवार	५	३	१	१
३	सम्वन्ध बिच्छेद	३	०	२	१
४	मेलमिलाप गराई पाँउ	१	१	०	०
५	बेईजती	१	१	०	०
६	खानेपानी अवरुद्ध गरेको	१	१	०	०
७	जग्गा क्षति गरेको	१	०	०	१
	जम्मा	१७	९	४	४

३८. **स्थानीय तहका पदाधिकारी सुविधा :–** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुनबमोजिम हुने व्यवस्थाअनुसार प्रदेश नं. १ को प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार याङ्वरक गाउँपालिकाले पदाधिकारीको सुविधाबापत रु. ३८,५७,१८०।०० भुक्तानी गरेको छ ।

३९. **कर समायोजन :–** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ । मूल्य अभिबृद्धि करसमेत भुक्तानी लिएका आपूर्तिकर्ता तथा सेवा प्रदायकहरुले बुझाउनु पर्ने कर विवरण तथा कर रकम बुझाएको प्रमाण नदेखिएकोले मूल्य अभिबृद्धि कर रु. १,०८,२४८।२० समायोजन भएको प्रमाण पेश हुनुपर्दछ रु. १,०८,२४८।२०

गो.भौ.नं/मिति	आपूर्तिकर्ता तथा सेवा प्रदायकको नाम	भुक्तानी रकम	मू.अ.कर	देखिएको कैफियत
	व.उ.शी.नं. ८०१०२५०६३०२३ स्वास्थ्य तर्फ			
७३/०७६/३/९	यसोदा फर्मा ट्रेर्डस, विराटनगर (६०८४१९६१५)	९२०९५.००	१०५९५.००	विजक नं. ९९।२०७६।२।३०, २०७५ भाद्र देखि ननफाइलर रहेको ।
८८/०७६/३/२५	यसोदा फर्मा ट्रेर्डस, विराटनगर (६०८४१९६१५)	९९४९७.००	११४४७.००	विजक नं. १३९।२०७६।३।२४, २०७५ भाद्र देखि ननफाइलर रहेको ।
९३/०७६/३/३०	दर्शन काष्ठ फर्निचर एण्ड ग्रिल उद्योग, फिदिम (३०२५७७९४१)	९९३२७.००	११४२७.००	विजक नं. १७९।२०७६।३।२५, २०७६ असार देखि ननफाइलर रहेको ।
	व.उ.शी.नं. ८०१०२५०६३०२३ शिक्षा तर्फ			
२४/०७५/१२/२८	पावरटेक ईलेक्ट्रोनिक्स सेन्टर, विर्तामोड (३०२४१३९२२)	३५००००.००	४०२६६.००	विजक नं. ९३१।२०७६।३।२५, २०७६ असार देखि ननफाइलर रहेको ।
२४/०७५/१२/२८	पावरटेक ईलेक्ट्रोनिक्स सेन्टर, विर्तामोड (३०२४१३९२२)	२९९९९९.२०	३४५१३.२०	विजक नं. ९३२।२०७६।३।२५, २०७६ असार देखि ननफाइलर रहेको ।
	जम्मा	९४०९१८.२०	१०८२४८.२०	

४०. **हेभी मेशीन प्रयोग :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, डोजर, ग्रेडर, बिटुमिन डिष्ट्रिब्युटर, बिटुमिन ब्वाइलरजस्ता हेभी मेशीन प्रयोग गर्न नपाइने र लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिने प्रावधान छ । यो

प्रावधानको विपरीत हेभी मेशीन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने प्रावधान पनि सोही नियमावलीको नियम ९७(९क) मा रहेको छ । उपभोक्ता समितिमार्फत गरिने निर्माण कार्य श्रममूलक किसिमको हुनुपर्ने, योजना छनौट गर्दा वातावरणलाई असर नपर्ने किसिमको हुनुपर्ने तथा योजनाले लाभग्राही समुहको जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने हुनुपर्ने देखिन्छ । जटिल प्रकृतिको र हेभी मेशीनको प्रयोग हुने योजनाको काम उपभोक्ता समितिबाट गराउन नहुने प्रावधान रहेको अवस्थामा लागत अनुमान तयार गर्दा हेभी मेशीनको प्रयोग गर्ने गरी गरेकोले लागत अनुमान नै कानुनसम्मत देखिएन । उपभोक्ता समितिसँग सडक तथा खेलकुद मैदान निर्माणलगायतका कामको लागि भएको सम्झौतामा एस्काभेटर प्रयोग गरेको भाडा भुक्तानीको बिल पेश भएकोमा प्रयोग भएको घण्टाको आधारमा सम्पन्न हुनुपर्ने कामको परिमाण नखुलेकोले एक्साभेटरको भाडा तुलना गर्न सकिएन । एक्साभेटरको क्षमता र कामको परिमाणबीच तुलना गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

४१. **निर्देशिकाको पालना :–** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नसकिने प्रावधान भएकोमा पनि यो वर्ष २ थान मोटरसाइकल खरिद गरी रु. ४,९९,८००।०० खर्च गरेको छ ।

४२. **सफ्टवेयर तालिम :–** बालबालिका, महिला, दलित तथा जनजातिहरुलाई सचेतनामूलक, सीप सिकाउनेजस्ता सफ्टवेयरका कार्यक्रममा गैर सरकारी संस्थासँग सम्झौता हुने गरेको छ । विगतका वर्षदेखि नै यस प्रकारका तालिम वर्षैपिच्छे हुने गरेका छन् । यस्ता तालिम कार्यक्रमको अद्यावधिक अभिलेख राखी नराखेको, लाभग्राहीको छनौट पारदर्शी नभएको, एउटै प्रशिक्षकले दैनिक पूरै कक्षा सञ्चालन गरेको, कार्य सञ्चालन निर्देशिका, २०७५ ले तोकेभन्दा बढी प्रशिक्षक भत्ता र खाना तथा खाजा खर्च गरेको जस्ता कारणले तालिममा अनावश्यक खर्च हुने गई तालिम औचित्यपूर्ण र प्रभावकारीसमेत देखिएको छैन । गाउँपालिकाले बजेट विनियोजन गर्दा प्रतिफल दिने किसिमको कार्यक्रम छनौट गरी आय आर्जन हुने र सीपमूलक कार्यमा लगानी गर्नुपर्ने देखिन्छ ।

४३. **बढी व्ययभार पारेको :–** उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि करको रकम भुक्तानी दिँदा दर विश्लेषण हुँदा जति मूल्य कायम गरी दर विश्लेषण भएको हो सोही मूल्यअनुसारको सामान खरिद गरेको अवस्थामामात्र मूल्य अभिवृद्धि कर भुक्तानी दिन मिल्दछ । कार्यालयले दर विश्लेषणभन्दा उपभोक्ता समितिले घटी मूल्यमा सिमेन्ट, छड खरिद गरी ल्याएकोमा पनि दर विश्लेषण कै आधारमा नापी मूल्याङ्कन गरी भुक्तानी दिएको पाईयो । उपभोक्ता समितिलाई खरिद मूल्यभन्दा बढीको दरले भुक्तानी दिएकोले बढी व्ययभार पारेको रु. १,३०,६९६।२५

गो. भा. नं. र मिति	योजनाको नाम	सामानको नाम	भुक्तानी गरेको दर	खरिद दर	फरक दर	सामानको परिमाण	व्ययभार परेको रकम
७३/०७६/३/१७	थर्पु क्याम्पस भवन निर्माण कार्य	सिमेन्ट	१,०८४/८०	७७९/७०	३०५/१०	२२५ बोरा	६८६४७.५०
		ईटा	१७/५१	११/३०	६/२१	३३०० गोटा	२०४९३.००
१४/०७६/११/२८	फलैचा बजार ठाडो कुलो बाटो निर्माण कार्य	सिमेन्ट	१,०८४/८०	९५४/८५	१२९/९५	९५ बोरा	१२३४५.२५
२/०७५/९/२५	हरिहृदुलय मेवा खोला लघु जलविद्युत	सिमेन्ट	१,०८४/८०	८१९/२५	२६५/५५	११० बोरा	२९२१०.५०
	जम्मा						**१३०६९६.२५**

४४. **सोझै खरिद :–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ८४(१) मा रु. २० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु. ५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार लागत अनुमान नै तयार नगरी विभिन्न आपूर्तकबाट पटक पटक गरी निम्न अनुसार रु.२४,००,६७४।०० मूल्यका मालसामान सोझै खरिद गरेकोले खरिद कार्य कानुन प्रतिकुल देखिएको छ ।

सि. नं.	गो. भौ. नं. र मिति	खरिदको विवरण	रकम
१.	८६/०७६/३/९	मोटरसाइकल (२ थान)	४,९९,८००/-
२.	१००/०७६/३/२५	जि आई तारजाली खरिद	४,९९,७५४/-
३.	१०८/०७६/३/२५	जस्तापाता ३८ बण्डल	२,९९,९३५/-
४.	११४/०७६/३/२९	इएमआइएस सफ्टवेयर	४,९८,८९५/-
५.	१३८/०७६/३/२५	विद्युतीय हारिजरी मेशीन	६,०२,२९०/-

			जम्मा	२४,००,६७४/-

व.उ.शी.नं. ८०१०२५०६१०१४ (गाउँपालिका अनुदान पुँजीगततर्फ)

४५. **बढी भुक्तानी :–** गो. भौ. नं. ६३।२०७६।२।१६ – उपभोक्ता समितिसँग भएको सम्झौताको अनुपातमा भुक्तानी दिनुपर्दछ । अधिकारी गाउँदेखि देविस्थान सडक निर्माण कार्यको उपभोक्ता समितिसंग मिति २०७६।१।३ मा रु. ८,००,०००।०० अनुदान र रु. १,९९,९५५।०० जनश्रमदान व्यहोर्ने गरी रु. ९,९९,९५५।०० सम्झौता भएको देखिन्छ । उपभोक्ता समितिले रु. ९,५१,७६५।०० को मात्र कार्य सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । सम्झौताअनुसारको अनुपातमा उपभोक्ता समितिलाई रु. ७,६१,४११।०० मात्र भुक्तानी दिनुपर्नेमा रु. ८,००,०००।०० नै भुक्तानी दिएको देखिएकोले रु. ३८,५८९।०० बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने देखिएको रु. ३८,५८९।००

४६. **होमस्टे निर्माण :–** होमस्टे सञ्चालनको कार्यविधि तयार गरेरमात्र निर्माण कार्यको सुरुवात गर्नुपर्दछ । होमस्टे सञ्चालनको कार्यविधि नबाउदा निर्माण कार्यमा भएको लगानी खेर जान सक्छ । याङवरक गाउँपालिका वडा नम्बर १ चिवा भञ्ज्याङमा होमस्टे निर्माणको लागि तयार गरेको लागत अनुमान रु. २६,७६,४०१।०० मध्ये कार्यालयले रु. २०,००,०००।०० व्यहोर्ने गरी २०७६ असार मसान्तको म्याद दिई उपभोक्ता समितिसँग सम्झौता भएको छ । सम्झौताअनुसार रु. २६,८३,१२८।७७ को काम सम्पन्न भएको देखाई रु. २०,००,०००।०० भुक्तानी भएको देखियो । निर्माण पश्चातको सञ्चालनसम्बन्धी निर्देशिका तयार भएको नदेखिएकोले सञ्चालनमा अनिश्चितता देखिएको छ । त्यसैगरि निर्माण कार्यको स्थलगत निरीक्षण गर्दा निर्माण कार्य सम्पन्न नभएको अवस्थामा पनि कार्य सम्पन्न भएको देखाई अन्तिम बिल भुक्तानी भएको सम्बन्धमा स्पष्ट हुनुपर्ने देखिन्छ ।

४७. **कार्य सम्पादन जमानत :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१२) मा सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना पाएको ७ दिनभित्र नियम ११० बमोजिमको कार्य समपादन जमानत पेश गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । निम्नअनुसारको सिलबन्दी दरभाउपत्रमार्फतको खरिदमा कार्य सम्पादन जमानत नराखी खरिद सम्झौता गरी कामसमेत सम्पन्न भएको देखिएकोले खरिद सम्झौता कानुनसम्मत देखिएन । कानुनको पूर्ण पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

कामको विवरण	निर्माण व्यवसायी/आपूर्तकको नाम	सम्झौता रकम	राख्नुपर्ने जमानत
एचडीपी पाइप खरिद	युमा एण्ड साँवाहाङ इन्जिनियरिङ निर्माण सेवा	१३५८५४०	६८०००
विद्युतीय हाजिरी मेशीन खरिद	युनिफाइड कम्युनिकेशन	६०२२९०	३१२००

४८. **सञ्चालन खर्च :–** नेपाल सरकारले उपलब्ध गराएको वित्तीय समानीकरण पुँजीगतको बजेटबाट चालु प्रकृतिका खर्चहरु गर्न मिल्ने कानूनी आधार देखिदैन । त्यसैगरी गाउँपालिकाको स्वामित्वमा रहेको बाहेकका कुनै पनि संस्थाको कार्यालय सञ्चालनसँग सम्बन्धित खर्च गर्नसमेत मिल्दैन । समानीकरण पुँजीगतबाट चालु प्रकृतिको खर्च गर्न नमिल्ने र गाउँपालिकाको स्वामित्वमा नरहेका तथा नाफामूलक संस्थालाई अनुदान उपलब्ध गराई खर्च लेखेकोले अनियमित देखिएको रु. १९,७४,९०१।००

गो. भौ. नं. / मिति	सहकारीको नाम	अनुदान रकम
१०५/०७६/३/२६	गढी ग्रामीण विद्युत सहकारी	८,७४,९०१/-
११५/०७/३/२९	ओयाम बचत तथा ऋण सहकारी संस्था	१०,००,०००/-
१५८/०७६/३/३१	ओयाम बचत तथा ऋण सहकारी संस्था	१,००,०००/-

४९. **बढी व्ययभार :–** लागत अनुमान तयार गर्दा नर्म्स तथा जिल्ला दररेटको आधारमा दर विश्लेषण गरी सोही आधारमा सम्पन्न कार्यको भुक्तानी गर्नुपर्दछ । उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउँदा उपभोक्ता समितिले पेश गरेको निर्माण सामग्रीको लागत अनुमान तयार गर्दा उल्लेख गरेको दरभन्दा घटी दरबाट निर्माण सामग्री खरिद गरी त्यसमा तिरेको मूल्य अभिबृद्धि करसमेत भुक्तानी गरेको र लागत अनुमान गर्दाकै दरबाट प्राविधिक मूल्याङ्कन गरी निम्न योजनाका उपभोक्ता समितिलाई भुक्तानी दिएकोले बढी व्ययभार परेको रु. ४,७९,११८।१०

योजनाको नाम	बढी भुक्तानी रकम
नारायणी मा. वि. भवन निर्माण कार्य	२९,९३५/१०
गुप्तेश्वर मा. वि. भवन निर्माण कार्य	२,२४,२२०/-
सामुदायिक भवन निर्माण, याङवरक ४	८०,०२७/-
थुदेङ साङगा गुम्बा वडा नं १	१,०२,२४४/-
महेन्द्र मा.वि. वडा नं ६	७,२५४/-
जनकल्याण आ.वि. घेराबार	१३,१०२/-
पञ्चदुल आ.वि. निर्माण	१०,५५०/-
वडा अफिस मर्मत तथा तला थप र घेराबार ११	११,७८६/-
जम्मा	४,७९,११८/१०

५०. **कारोबारको बीजक :–** मुल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार निर्माण व्यवसायीहरु मूल्य

अभिवृद्धि करमा दर्ता भई दफा १४ (१) अनुसारक वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाई कर बीजक दिनुपर्ने उल्लेख छ । गाउँपालिकाले उपभोक्ता समितिमार्फत सडक निर्माणको कार्य निर्माण व्यवसायीको एक्साभेटर भाडामा लिई गराएको पाईयो । उक्त एक्साभेटर भाडाबापतको रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर बीजक लिई भुक्तानी गर्नुपर्नेमा ठाडो भर्पाई र पान नं. मात्र उल्लेख भएको कर बीजकबाट भुक्तानी दिएकोले ऐन विपरीत भाडा रकम भुक्तानी दिएको पाईयो । कर बीजक बिना भुक्तानी दिएकोले अनियमित देखिएको छ । तसर्थ ऐन नियमको पालनामा ध्यान दिनुपर्दछ । तोकिएको कर बीजक बिना भुक्तानी दिएका केही उदाहरणहरु निम्नअनुसार छन् :

सि. नं.	गो. भा. नं. र मिति	फर्मको नाम	योजनाको नाम	रकम
१	४८/२०७६/२/८	धिमाल कन्स्ट्रक्सन, हेटौडा (६०७०७१३९९)	मिथिलेश्वर बरडाँडा मोटर बाटो निर्माण	३,२९,२००/-
२	४९/२०७६/२/८	चेतरत्न कन्स्ट्रक्सन प्रा. लि., ल. पु. (६०६७९३३४४)	भोटेगाउँ दारिम्बा सडक निर्माण	२,३१,२००/-
३	५८/२०७६/२/१६	हेमन माउण्टेन निर्माण सेवा, फिदिम (३००२०६४७६)	पाथीभरा कृषि सडक स्तरोन्नती कार्य	९,०४,६००/-
४	५५/२०७६/२/१२	धिमाल कन्स्ट्रक्सन, हेटौडा (६०७०७१३९९)	लहरेवास हिटी सडक मर्मत कार्य	२,६२,२००/-
५	५३/२०७६/२/१२	चेतरत्न कन्स्ट्रक्सन प्रा. लि., ल. पु. (६०६७९३३४४)	नारायणी मा. वि. लामदुवाली सडक निर्माण	८,००,४००/-
६	६३/२०७६/२/१६	धिमाल कन्स्ट्रक्सन, हेटौडा (६०७०७१३९९)	अधिकारीगाउँ देखि देविस्थान सडक निर्माण	८,००,३२२/-
७	७१/२०७६/२/३०	फालेलुङ्ग निर्माण सेवा प्रा. लि., सुनसरी (६०६८६१६४१)	भञ्ज्याङ्ग उर्गेन छोईलिङ्ग गुम्बा जाने सडक	२,२५,८३१/-
८	७०/२०७६/२/३१	धिमाल कन्स्ट्रक्सन, हेटौडा (६०७०७१३९९)	बराईली टोल भारतीगाँउ मोटर बाटो निर्माण	१,२१,९००/-
९	६७/२०७६/२/२९	फाल्गुनन्द निर्माण सेवा प्रा. लि., पाँचथर(६०६८०३४४३)	च्याङ्गथापु चित्रे फलोट सडक निर्माण	४१,४४,०६३/-
१०	६६/२०७६/२/२६	धिमाल कन्स्ट्रक्सन, हेटौडा (६०७०७१३९९)	यलम्वरचोक ईन्द्रावती सडक निर्माण	२,६८,६२०/-
११	७४/२०७६/३/१	फाल्गुनन्द निर्माण सेवा प्रा. लि., पाँचथर(६०६८०३४४३)	कुवापानी चित्रे लामपोखरी सडक निर्माण	३,६०,९००/-
१२	९६/२०७६/३/२४	फाल्गुनन्द निर्माण सेवा प्रा. लि., पाँचथर(६०६८०३४४३)	च्याङ्गथापु समरजंग सडक निर्माण	४,०८,०००/-
१३	९४/२०७६/३/२३	हेमन माउण्टेन निर्माण सेवा, फिदिम (३००२०६४७६)	कुटमिरे एकतिन खेल मैदान निर्माण	५०,०००/-
१४	१३/२०७५/११/२८	चेतरत्न कन्स्ट्रक्सन प्रा. लि., ल. पु. (६०६७९३३४४)	नेखेवा खेल मैदान निर्माण	१,५८,१३०/-
१५	८/२०७५/११/१०	चेतरत्न कन्स्ट्रक्सन प्रा. लि., ल. पु. (६०६७९३३४४)	फलैचा स्वास्थ्य चौकी सडक निर्माण	५,८८,७५०/-
१६	४/२०७५/११/६	चेतरत्न कन्स्ट्रक्सन प्रा. लि., ल. पु. (६०६७९३३४४)	टिम्बुरे सौरेनी बिप्ल्याँटे सडक निर्माण	३,५१,१६३/-
१७	३/२०७५/११/६	पाँचथर निर्माण सेवा प्रा. लि., पाँचथर(६०३५४०९७२)	मू. अ. करमा दर्ता भएको तर कर विजक जारी नगरेको	२,००,०००/-
१८	३८/२०७५/१२/२७	धिमाल कन्स्ट्रक्सन, हेटौडा (६०७०७१३९९)	दारिम्बा सिरिसे कालापानी सडक स्तरोन्नती	११,६९,३४७/-

ब. उ. शी. नं. प्रदेश सशर्ततर्फ

५१. फाक्लुङ्ग लामापोखरी सडक स्तरोन्नति योजनाका लागि रु. १,३५,००,०००।०० बजेट विनियोजन भई खर्च भएकोमा देखिएका व्यहोरा देहाय अनुसार छ ।

५१.१ **उपभोक्ता समितिबाट काम गराउदा बढी व्ययभार :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) बमोजिम बीस लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको योजना बोलपत्रको माध्यमबाट गराउनुपर्ने व्यवस्था छ । फाक्लुङ्ग लामापोखरी सडक खण्डका लागि रु. १ करोड ३५ लाख बजेट विनियोजन भएकोमा चेनेज नं. ०+००० देखि ३+२२० सम्मका लागि रु. १,१८,७१,१०२।०० को लागत अनुमान स्वीकुत गरी बोलपत्र आव्हान गर्दा निर्माण व्यवसायी लोचन चौबन्दी जे. भी. को कबोल अंक रु. ५३,४७,२५१।४६ (लागत अनुमान भन्दा ६०.६९ प्रतिशत घटी) मा सम्झौता गरी कार्य सम्पन्न गरेको देखियो । बचत रहेको रकमबाट ठेक्का पट्टा नगरी रु. ८२,७१,६१६।६५ को लागत अनुमान स्वीकृत गरी चेनेज नं. ३+२२० देखि ७+३४० सम्म उपभोक्ता समितिबाट कार्य गराएको देखियो । बोलपत्रको माध्यमबाट कार्य गराउँदा लागत अनुमानभन्दा ६०.३९ प्रतिशत घटीमा कार्य सम्पन्न भएकोमा उपभोक्ता समितिबाट गराउँदा लागत अनुमान बराबरमा सम्झौता भएकोले जनश्रमदान कट्टा गरी बोलपत्रको तुलनामा रु. २५,९९,४७१।४५ मात्र खर्च हुने देखिएकोले रु. ६६,१२,७४८।५४ भुक्तानी भएको हुँदा रु. ४०,१३,२७७।०८ बढी व्ययभार परेको सम्बन्धमा छानविन हुनुपर्दछ ।

५१.२ **धरौटी कट्टा नगरेको :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) बमोजिम सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल विजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम धरौटी कट्टी गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी लोचन चौबन्दी जे. भी. विराटनगरलाई रु. ५३,४७,२५१।४६ भुक्तानी गर्दा ५ प्रतिशतले हुने धरौटी रु. २,३६,६०४।०० कट्टी नगरी भुक्तानी गरेको र उक्त योजना सम्पन्न भए पनि त्रुटि सच्चाउने अवधि बाँकी रहेकोले असुल गर्नुपर्ने देखिएको रु. २,३६,६०४।००

५२. **ओयाम विद्युतीकरण :–** सामुदायिक विद्युतीकरणको लागि ओयाम ग्रामीण विद्युतीकरण सहकारी संस्था लिमिटेडले व्यहोर्ने १० प्रतिशत रकम गाउँपालिकाले समानीकरण पुँजीगतबाट रु. १५,००,०००।०० र स्थानीय विकास पूर्वाधार कार्यक्रमबाट रु. २०,००,०००।०० समेत जम्मा रु. ३५,००,०००।०० उक्त सहकारी संस्थालाई उपलब्ध गराई खर्च लेखेको देखियो । नाफामूलक सहकारी संस्थाले व्यहोर्नु पर्ने रकम गाउँपालिकाबाट व्यहोर्न मिल्ने नदेखिएकोले यस सम्बन्धमा स्पष्ट हुनुपर्ने देखिन्छ रु. ३५,००,०००।००

५३. **प्रशिक्षक भत्ता :–** कार्य सञ्चालन निर्देशिका, २०७५ को दफा ७.१.१५ मा गाउँपालिकास्तरमा ५८,८००।००

सञ्चालन हुने तालिमका प्रशिक्षकलाई प्रति कक्षा कार्यपत्रको रु. ७००।०० र कक्षा सञ्चालनको रु. ६००।०० गरी रु. १,३००।०० भत्ता भुक्तानी गर्न मिल्ने उल्लेख छ । देहायका तालिमका प्रशिक्षकलाई तोकिएको भन्दा बढी भत्ता भुक्तानी गरेकोले असुल गर्नुपर्ने देखिएको रु.

गो. भौ. नं. / मिति	तालिमको नाम	प्रशिक्षकको नाम	बढी भुक्तानी रकम
१३७/०७६/३/३०	दलित अधिकार सम्बन्धी	श्री टीका तिम्सिना श्री नरबहादुर गुरुङ श्री विक्रम शंकर	१३,६००/- ११,९००/- ८,५००/-
१५७/०७६/३/३०	४८ घण्टे आधारभूत मेलमिलाप तालिम	श्री टीका तिम्सिना श्री रहमान विश्वकर्मा	१३,६००/- ११,२००/-
		जम्मा	**५८,८००/-**

<u>व.उ.शी.नं. ८०१०२५०६३०१३ (शिक्षातर्फ)</u>

५४. यो गाउँपालिकाअन्तर्गत ६ माध्यमिक विद्यालय र ३७ आधारभुत विद्यालय ३७ समेत ४३ रहेको छ । ती विद्यालयलाई विद्यालयगत निकासा खाता नराखी रकम निकासा भएकोले निकासा यकिन गर्ने आधार देखिएन । तसर्थ विद्यालयगत निकासा खाता राख्नुपर्दछ । यस सम्बवन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :–

५४.१ गो. भौ. नं. २४।२०७५।१२।२८ – गणेश माध्यमिक विद्यालयलाई आई. सि. टी. ल्याब व्यवस्थापनको लागि पावरटेक ईलेक्ट्रोनिक्स, विर्तामोडबाट रु.६,५०,००० मा खरिद गरिएको जिन्सी सामानहरु विद्यालयको जिन्सी खातामा आम्दानी बाँध्नुपर्नेमा सो सामान जिन्सी आम्दानी बाँधेको प्रमाण पेश नभएको रु. ६,५०,०००।००

५४.२ गो. भौ. नं. ८४।२०७६।३।३० – खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । निम्न विद्यालयहरुलाई शिक्षण सिकाई अनुदान रु. ७,३२,०००।०० भुक्तानी दिएकोमा सोको बिल भर्पाई पेश नभई निकासा दिएको रकम मिति २०७६।४।५ को पत्रले रोक्का राखेको देखिएको छ । काम सम्पन्न नहुँदै रकम निकासा दिने परिपाटी नियन्त्रण हुनुपर्दछ । सम्बन्धित विद्यालयबाट सो कार्य सम्पन्न भएको विल भर्पाई पेश हुनुपर्दछ रु. ७,३२,०००।००

सि. नं.	विद्यालयको नाम	रकम
१.	सिंहकाली आधारभुत विद्यालय, वार्ड नं. २	२,४४,०००/-
२.	सिद्धेश्वरी आधारभुत विद्यालय, वार्ड नं. ३	२,४४,०००/-
३.	जनचेतना आधारभुत विद्यालय, वार्ड नं. ५	२,४४,०००/-
	जम्मा	**७,३२,०००/-**

५४.३ गो. भौ. नं. ७६।२०७६।३।२ – कार्यक्रमअनुसार खरिद गरिएको सूचना प्रणालीको समुचित प्रयोग गर्नुपर्दछ । गाउँपालिकाअन्तर्गतका ४३ वटै विद्यालयमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लागू गर्न फोनेक्स सोलुसन्स, काठमाडौं (६००३२७८५३) बाट रु. ४,९८,८९५।०० को सामान खरिद तथा तालिमबापत भुक्तानी दिएको पाईयो । शैक्षिक व्यवस्थापन सूचना प्रणालीसम्बन्धी तालिम सोही संस्थाले दिने गरी सामान खरिद गरेकोमा तालिम दिएको र सूचना प्रणाली लागू गरेको देखिएन । तसर्थ सम्झौताअनुसारको कार्य सम्पन्न भएको प्रमाण पेश हुनुपर्दछ रु. ४,९८,८९५।००

<u>व.उ.शी.नं. ८०१०२५०६३०२३ (सशर्त अनुदान स्वास्थ्य तर्फ)</u>

५५. सामुदायिक स्वास्थ्य ईकाइ, सेरेजालाई सामुदायिक स्वास्थ्य ईकाइ सञ्चालनको लागी सञ्चालन अनुदान रु. २,१५,०००।०० दिएको पाईयो । सामुदायिक स्वास्थ्य ईकाइ सञ्चालनको कार्यविधि बनाएको देखिएन । उक्त कार्यविधि बनाई सो अनुदानको सदुपयोग गर्नुपर्दछ रु. २,१५,०००।००

सि. नं.	गो. भा. नं. र मिति	रकम
१	४/२०७५/६/२५	१,२५,०००/-
२	२८/२०७५/१०/३	९०,०००/-
	जम्मा	**२,१५,०००/-**

५६. **<u>लागत अनुमान खुलाएको</u> :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४९ मा दुई करोड रुपैयाँसम्मको निर्माण कार्यको बोलपत्र आव्हानको सूचनामा लागत अनुमान रकम खुलाउनुपर्ने उल्लेख छ । सिलबन्दी दरभाउपत्रको सूचनामा लागत अनुमान खुलाउन मिल्दैन । लागत अनुमान खुलाएकोले खरिद कार्य मितव्ययिता देखिएको छैन भने नियमको पनि पालना भएको छैन । नियमको पालना गरी खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउनु पर्ने देखिन्छ । यस सम्बन्धी केही उदाहरण निम्नअनुसार छ ।

ठेक्का नम्बर	कामको विवरण	लागत अनुमान	सम्झौता	लागत अनुमानभन्दा घटी प्रतिशत	व्यवसायीको नाम
७/२०७५/७६	औषधि खरिद	१२,००,०००/-	११,९६,९२१/७०	०.२६	जनकल्याण फार्मेसी
१३१/०७६/३/३०	एचडीपी पाइप खरिद	१३९७८९५/४८	१३५९५४०/-	२.७४	युमा एण्ड साँवाहाङ इन्जिनियरिङ निर्माण सेवा

५७. करारका कर्मचारीहरुलाई करारको फिल्ड भत्ता दिनसक्ने गरी सम्झौता भएको छैन । करार सम्झौतामा नभएको फिल्ड भत्ता भुक्तानी दिएको देखिएकोले असुल गर्नुपर्ने देखिएको रु. ४५,०००।००

गो. भा. नं. र मिति	नाम	रकम
१२/०७५/८/१४ ३५/०७५/११/३० ७७/०७६/३/१७	अ. न. मी. श्री प्रेमकला काम्वाङ्ग	२१,६००/-
	अ. हे. व. श्री गंगा प्रसाद पाण्डे	२१,६००/-
	अ. न. मी. श्री रेङ्सोना केरुङ्ग	१,८००/-
	जम्मा	**४५,०००/-**

५८. गो. भौ. नं. ५१।२०७६।१।२९ – आयकर ऐन, २०५८ को दफा ८८ (१) मा सेवा शुल्कको भुक्तानीमा पन्ध्र प्रतिशतका दरले अग्रीम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । सामाजिक परिचालक श्री उमेशकुमार नेपालीलाई सामाजिक परीक्षण कार्यको रु. ९९,९००।०० भुक्तानी दिएकोमा पन्ध्र प्रतिशतका दरले हुने रु. १४,९८५।०० कर कट्टा गर्नुपर्नेमा रु. २,१२५।०० मात्र कर कट्टा गरेकोले नपुग कर रकम असुल गर्नुपर्ने देखिएको रु. १२,८६०।००

५९. याङवरक गाउँपालिकास्थित स्वास्थ्य चौकीहरुको औषधिको जिन्सी खाता परीक्षण गर्दा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् :–

५९.१ स्वास्थ्य सेवा विभागले तोकेअनुसारको क्रममा औषधिहरुको आम्दानी बाँध्नु पर्नेमा सोअनुसार आम्दानी तथा खर्चको लेखांकन गरेको देखिन आएन ।

५९.२ स्वास्थ्य सेवा विभागले तोकेअनुसारको ASL (Authorized Stock Level) र EOP (Emergency Order Point) अनुसारको औषधिहरु स्टक खुलाई राख्नुपर्नेमा नराखेको र Emergency Order Point भएपछि औषधिहरु माग गर्नुपर्नेमा सो अनुसार भए गरेको देखिएन । औषधिहरुको म्याद गुज्रिएर खेर गएको पाईयो । स्वास्थ्य सेवा विभागले तोकेअनुसार गर्न गराउन ध्यान दिनुपर्दछ । परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नअनुसार छन् :–

सि. नं.	औषधीको नाम	ASL	EOP	कैफियत देखिएका व्यहोराहरु
	स्वास्थ्य चौकी, च्याङ्थापु			
१.	पिल्स	-	-	४९० ट्याबलेटको म्याद समाप्त भएको ।
२.	जिंक	-	-	५१०० ट्याबलेटको म्याद समाप्त भएको ।
३.	भिटामिन ए	-	-	४०० ट्याबलेटको म्याद समाप्त भएको ।
४.	एमोक्सिलिन २५० एम. जि.	-	-	२७०० ट्याबलेटको म्याद समाप्त भएको ।
५.	एमोक्सिलिन १२५ एम. जि.	-	-	४६०० ट्याबलेटको म्याद समाप्त भएको ।
६.	एन्टासिड	-	-	मिति २०७५।५।४ देखि २०७५।११।१९ सम्म शुन्य रहेको ।
७.	डाईजेपाम ५ एम. जि.	-	-	वर्षभरी नै शुन्य रहेको ।
	स्वास्थ्य चौकी, थर्पु			
१.	एडमिण्डाजोल	-	-	३६०० ट्याबलेटको म्याद समाप्त भएको ।
२.	आईरन चक्की	-	-	५२२० ट्याबलेटको म्याद समाप्त भएको ।
३.	कोट्रिमेक्साजोल १२० एम. जि.	-	-	२००० ट्याबलेटको म्याद समाप्त भएको ।
४.	एमोक्सिलिन १२५ एम. जि.	-	-	१५०० ट्याबलेटको म्याद समाप्त भएको ।
५.	सिरिञ्ज ५ एम. एल.	-	-	८५० पिसको म्याद समाप्त भएको ।
६.	जीवन जल (ओ.आर.एस.)	-	-	१०० पाकेटको म्याद समाप्त भएको ।
७.	भिटामिन बि कम्प्लेक्स	-	-	३५० ट्याबलेटको म्याद समाप्त भएको ।

व.उ.शी.नं. निसशर्त अनुदान (कृषितर्फ)

६०. **चुना मौज्दात :–** गो.भौ.नं. ३१।२०७६।२।१२: कृषि प्रसार कार्यक्रम निर्देशिका, २०७२ तथा कार्यक्रम सञ्चालन निर्देशिकाअनुसार एक आर्थिक वर्षभित्र खरीद गरेका कृषि सामग्री सम्बन्धित कृषककोमा पुग्नुपर्ने तथा सम्बन्धित कृषकले उक्त मल, खाद प्रयोग गरी कृषि उत्पादनमा बृद्धि गराउन गाउँपालिकाले सहयोग पुऱ्याउनु पर्ने व्यवस्था रहेको छ । ओम पाथिभरा सप्लायर्सबाट प्रति किलोग्राम रु. १९.०० का दरले १५,५०० किलोग्राम चुना खरिद गरी खर्च लेखेकोमा लेखापरीक्षण अवधि २०७६।५।१० सम्म वितरण गरेको नपाइएकोले मौज्दात राख्ने गरी खरिद गर्ने प्रचलनको अन्त्य हुनुपर्दछ रु. २,९४,५००।००

६१. **कार्य सम्पन्न नभएको :–** कृषि प्रसार निर्देशिका, २०७२ अनुसार सम्बन्धित फर्मले तोकिएको अवधिभित्र सम्पन्न गर्नुपर्ने प्रावधान रहेको छ । विभिन्न कार्यक्रमअन्तर्गत निम्न कामहरु सम्पन्न हुन नसकेको देखिएकोले कार्य सम्पन्न भएको प्रमाण पेश हुनपर्ने रु. ७,३६,८७५।००

क. सं.	कार्यक्रमको नाम	रकम
१.	मौरीपालन	५०००००।००
२.	प्लास्टिक पोखरी	२५८८८३।००
३.	च्याउ खेती	१९५००।००
४.	पाइप खरिद	१९१४९२।००
	जम्मा	**७,३६,८७५।००**

व. उ. शी. नं. प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ

६२. **बीमा :–** प्रधानमन्त्री रोजागार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ८७ मा बीमासम्बन्धी व्यवस्था गरिएको छ । गाउँपालिकाले रोजगार संयोजक श्री पवन भट्टराईको

संयोजनमा विभिन्न कार्यक्रम सञ्चालन गरेकोमा श्रमिकको बीमा गरेको पाइएन। श्रमिकको जोखिम बीमा गरिनु पर्दछ।

६३. **बढी भुक्तानी :–** गो. भौ. नं. ११।२०७६।३।२४ – रोजगार संयोजक श्री पवन भट्टराईलाई २०७६ असार महिनाको तलब भत्ता बढी भुक्तानी भएको देखिएकोले असुल हुनुपर्ने रु. ८,०००।००

६४. **असम्बन्धित खर्च :–** गो. भौ. नं. ५।२०७६।३।१ – प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत खर्च गर्ने कार्यविधि र नर्म्समा रहेरमात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। निर्देशिकाको व्यवस्था विपरीत खर्च लेखेको रु. २२,१७०।०० असुल हुनुपर्दछ रु. २२,१७०।००

६५. **अलैंची अनुदान :–** अलैंची प्रवर्द्धन कार्यक्रमबापत कृषकलाई अनुदान वितरण गर्न केन्द्रबाट प्राप्त भएको रकम च्याङथापु ट्रेडर्सलाई भुक्तानी दिई रु.२४,७५,०००।०० खर्च लेखेकोमा सो सम्बन्धी सम्झौतालगायतका कागजात लेखापरीक्षणमा पेश हुन आएन। अनुदान वितरणसम्बन्धी सम्झौता तथा अनुदान पाउने कृषकको विवरण र अनुदान बुझेको भरपाईबेगर उक्त ट्रेडर्सलाई एकमुष्ठ भुक्तानी गर्न मिल्ने आधार नदेखिएकोले कार्यालयले नै यस सम्बन्धमा छानविन गरी यथार्थ र वास्तविक खर्च यकिन गर्नुपर्ने देखिन्छ रु. २४,७५,०००।००

६६. **पेस्की :–** सम्झौताअनुसार दिएको पेस्की रकम तोकिएको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट हुन बाँकी पेस्की रु. ३४,४१,७१०।- मध्ये लेखापरीक्षणको क्रममा रु. ७०,०००।०० फछ्र्यौट भई निम्न कार्यक्रमको बाँकी छ। फछ्र्यौट हुन बाँकी पेस्की रकम नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ रु. ३३,७१,७१०।००

सि. नं.	पेश्की दिएको मिति	पेश्की लिनेको नाम	पेश्की रकम
		व.उ.शि.नं. सशर्त अनुदान स्वास्थ्य तर्फ	
१.	८७/२०७६/३/२९	चौवन्दी कन्स्ट्रक्सन, ईलाम	१०,८१,०००/-
		व.उ.शि.नं. सशर्त अनुदान शिक्षा तर्फ	
२.	७७/२०७६/३/२४	नारायणी मा. वि., भवन निर्माण कार्य	१७,००,०००/-
		व.उ.शि.नं. ८०१०२५०६१०१४ गाउँपालिका अनुदान पूँजीगत तर्फ	
३.	२१/२०७५/११/८	शेषनाग सिक्काको धातुको प्रतिमा निर्माण उपभोक्ता समिति	४,००,०००/-
४.		कृष्ण ग्रिल एण्ड ईन्जिनियरिङ्ग वर्कसप	१,९०,७१०/-
		कुल जम्मा	**३३,७१,७१०/-**

व. उ. शी. नं. सामाजिक सुरक्षा कार्यक्रमतर्फ

६७. सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७२ अनुसार प्रत्येक स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा बसाइ सरेका लाभग्राहीको लगत कट्टी गर्नुपर्ने, प्रत्येक वर्ष लाभग्राहीको परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले बसाइ सराई र मृत्यु भएका व्यक्तिहरुको विवरण तयार गरेको पाइएन। जसले गर्दा त्यस्ता व्यक्तिको नाम सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन। गाउँपालिकासँग छलफल हुँदा वडाबाट प्राप्त विवरण र गाउँपालिकाको पञ्जिकरणबाट प्राप्त विवरणअनुसार एम. आइ. एस. प्रणालीमा प्रविष्ट गरी विवरण अद्यावधिक गरेरमात्र वडाहरुलाई भरपाई प्रदान गर्ने गरेको जनाएको छ। सामाजिक सुरक्षा भत्ता वितरणमा हुनसक्ने त्रुटि तथा हिनामिना प्रति गाउँपालिका सजक रहनुपर्दछ।

६८. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाँउपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदनउपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाँउपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्था अनुसार जिल्लाका गाँउपालिकाले स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नवीकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन।

६९. सम्बन्धित वडा कार्यालयमार्फत प्रथम किस्ता, दोश्रो किस्ता र तेश्रो किस्ता क्रमशः असोज १ गतेबाट दोश्रो हप्ताभित्र, माघ १ गतेबाट दोश्रो हप्ताभित्र र जेठ १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नु पर्ने कार्यविधिले निर्देश गरेतापनि सोअनुरुप समयमै भत्ता वितरण गरेको पाइएन। समयमै वितरण गर्ने गरी व्यवस्थापन गर्नुपर्दछ।

७०. **अनुगमन भत्ता :–** गाउँपालिकाका पदाधिकारी तथा कार्यरत कर्मचारीले भ्रमण खर्च नियमावली, २०६४ मा तोकिएको अवस्थामा पाउने दैनिक भत्ता र भ्रमण खर्चबाहेक गाउँपालिकाको क्षेत्रभित्रका तालिम तथा योजनाहरुको अनुगमन गर्दा भत्ता सुविधा पाउने कुनै व्यवस्था छैन। गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई योजना अनुगमन गरेको भनी भत्ता भुक्तानी गरेको पाइयो। यस प्रकारको नपाउने सुविधामा भएको खर्च कार्यालयले नै छानविन गरी असुल गर्नुपर्ने देखिएको छ।

७१.	**कर्मचारी सुविधा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ स्थानीय सेवाको शर्त तथा सुविध सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुनबमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ । गाउँपालिकामा कार्यरत कर्मचारीलाई मासिक तलबको अतिरिक्त खाजा खर्चसमेत आन्तरिक कोषको चालू शीर्षकबाट भुक्तानी गर्ने गरेको पाइएकोले उक्त सुविधा संघीय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएको हुँदा २०७५।७६ मा गरेको उक्त खर्च अनियमित देखिएको रु.	१२,००,०००.००
७२.	**वन पैदावार :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो सम्बन्धी अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन । आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ ।	
७३.	**अनुगमन तथा मूल्याङ्कन :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :	

गत वर्षको बेरुजू रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
९२,०९,७९२/-	-	९२,०९,७९२/-

७४. **अद्यावधिक बेरुजू स्थिति :–** याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजूस्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)	यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)	यो वर्षको कायम बेरुजु रु. (E)	बाँकी (F= C+D+E)
९२,०९,७९२/-	-	१,६७,८८,९६६/५५	२,५९,९८,७५८/५५

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण बेरुजू रकम असुल फछ्र्यौट गरिनुपर्दछ ।

अनुसूची– १

याङ्वरक गाउँपालिकाको बेरुजू वर्गीकरण
२०७५।७६

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	पाँचथर	याङ्वरक गाउँपालिका	६८	२१	१,६७,८९	-	-	-	६८	२१	१,६७,८९	४,२२	९७,६०	३२,३५	-	-	१,२९,९५	-	३३,७२	३३,७२

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	याङ्वरक गाउँपालिका	पाँचथर	१,७३,३६	८,१७,०९	१७,१८,८२	५,६९,६५	३१,०५,५६	२०,७३,०५	११,१३,५१	७१,८८	३२,५८,४४	२०,४८

अनुसूची- ३

अध्यावधिक बेरुजु स्थिति
२०७५।७६

(रु.हजारमा)

सि. नं.	स्थानीय तह	जिल्ला	गत वर्षको बाँकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं प. बाट कायम भएको बेरुजु	यो वर्षको बेरुजु	कुल बाँकी बेरुजु
१.	याङ्वरक गाउँपालिका	पाँचथर	९२,१०	-	९२,१०	-	१,६७,८९	२,५९,९९